

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १७ गते मंगलबार ❑ 31 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विमान दुर्घटनामा परेका २१ जनाको शव भेटियो

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ जेठ**

तारा एयरको जहाज दुर्घटनामा परी मृत्यु भएका २१ जनाको शव भेटिएको छ।

मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा आइतबार बिहान भएको तारा एयरको जहाज दुर्घटनामा परी मृत्यु भएकाहरु मध्ये सोमबार बेलुकासम्म २१ जनाको शव भेटिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए । उनका अनुसार विमान परिचालिका किस्मी थापा अझै वेपत्ता भएकी छन् ।



एक जनाको शव भिरमा अड्केको अबस्थामा भेटिएको छ भने बाँकी २० जनाको शव संकलन गरिएको प्रजिअ शर्माले जनाए । उक्त विमान दुर्घटनामा परी मुत्यु भएकाहरु मध्य १० जनाको शव काठमाण्डौं लगिएको छ भने १० जनाको शव पोखरा ल्याइएको छ । प्रतिकूल मौसमका कारण मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा आइतबार भएको तारा एयरको जहाज दुर्घटनामा परी चालक दलका २ सहित २१ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। नेपाली सेनाको एमआई १७ नामक हेलिकप्टर अहिले शव ल्याउन प्रयोग भएको थियो । आवश्यक व्यवस्थापनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, सचिव महेश्वर न्यौपाने सहितको टोली बिहानदेखि त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलमा खटाएका थिए । समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा र हुस्सु लागेको तथा पानी परेको कारण आइतबार दुर्घटना स्थलमा हेलिकोप्टर पुग्न नसकेको अधिकारीलेहरु बताए । मानापाथी हिमालको फेदीमा रहेको पहाडमा जहाज ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा यार्सा गुम्बा संकलन गर्न गएका स्थानियले प्रहरलिाई खबर गरेर मात्र सोमबार बिहान दुर्घटना भएको स्थानको पहिचान भएको हो ।

पोखराबाट आइतबार बिहान ९:५५ बजे जोमसोमका लागि उडेको तारा एयरको ९ एनएइटी कलसाइन भएको उक्त विमान बिहान १०:०७ बजे जोमसोम विमानस्थलको टावरबाट सम्पर्क विच्छेद भएको थियो । जहाजमा चालक दलका तीनजना सदस्य,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा ल्याइने

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ जेठ**

सरकारले पोखरा महानगरपालिका-१४ मा निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा ल्याउने भएको छ।

अर्थमन्त्री जनार्दन शर्माले आइतबार सङ्घीय संसद्मा आगामी आर्थिक वर्षको बजेट कार्यक्रम प्रस्तुत गर्दै हवाई पूर्वाधारतर्फ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा ल्याइने बताउनुभयो । सरकारले आर्थिक वर्ष २०७९/८० मा हवाई पूर्वाधारतर्फ रु १२ अर्ब २४ करोड बजेट विनियोजन गरेको छ। चिनियाँ निर्माण कम्पनी सिएएमसीइले निर्माण गरिरहेको पोखरा विमानस्थलको भौतिक पूर्वाधार निर्माणको काम अन्तिम चरणमा पुगेको छ । चिनियाँ कम्पनीसँग भएको ठेक्का सम्झौताअनुसारका सबै काम अन्तिम चरणमा रहे पनि नेपाल सरकारको जिम्मामा रहेका सञ्चालनपूर्व गर्नुपर्ने काम भने अझै बाँकी छन् । पोखरा विमानस्थल गत चैत १२ गते चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका अवसरमा नेपाललाई हस्तान्तरण गरिएको थियो। त्यतिबेला विमानस्थलको मुख्य निर्माण र उपकरण जडानको कार्य सम्पन्न भएको र ९३ प्रतिशत भौतिक प्रगति भएपछि नेपाललाई हस्तान्तरण गरिएको थियो।

पोखरा विमानस्थल आयोजनाका वरिष्ठ अधिकृत सविन फुयाँलले आयोजनाको काम अन्तिम चरणको पुगेको र केही सामान्य काम मात्र बाँकी रहेको बताउनुभयो । उहाँका अनुसार विमानस्थल सञ्चालनका लागि अझै पनि ल्याण्डफिलसाइट स्थानान्तरण, दक्षितर्फको रिठेपानी डाँडा कटान र बर्खायाममा भलबाढी नियन्त्रणका लागि सिँचाइ नहर व्यवस्थापनको काम बाँकी छन् । यसैगरी आगामी आर्थिक वर्षको बजेटमा सरकारले जिल्लामा पर्यटन पूर्वाधार, खेलकुदलाई समेत सम्बोधन गरेको छ । अर्थमन्त्री शर्माले कास्कीको विरेठाँटी हुँदै हिमालपारीको जिल्ला मुस्ताङमा अवस्थित प्रसिद्ध मुक्तिनाथ मन्दिरसम्म केबलकार पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई सहजीकरण गरिने बताउनुभयो । गण्डकी प्रदेशको राजधानी पोखरामा तय गरिएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आवश्यक रकम विनियोजन गरिएको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## विमान दुर्घटना : छानबिन गर्न जाँचबुझ आयोग गठन

**रासस**

**काठमाडौं, १६ जेठ**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तारा एयरको विमान दुर्घटनाको छानबिन गर्न दुर्घटना जाँच आयोग गठन गरेको छ।

मन्त्रालयले वरिष्ठ एरोनटिकल इन्जिनियर रतिशचन्द्र लाल सुमन अध्यक्ष रहेको पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । आयोगको सदस्यहरूमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इन्जिनियर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद् मणिरत्न शाक्य र मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन् ।

आइतबार कास्कीको पोखराबाट मुस्ताङको जोमसोमतर्फ उडेको तारा एयरको कलसाइन नाइन एन एइटी ट्विनअटर विमान मुस्ताङको मानापाथी हिमालको फेदीमा पर्ने सानोसुरेमा १४ हजार ५०० फिटको उचाइमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको थियो । उक्त विमानमा १९ यात्रु र चालक दलका तीन सदस्य गरी २२ जना सवार थिए।

## गण्डकीमा बजेटः कृषि, पूर्वाधार विकासदेखि संस्कृतिको संरक्षणसम्म

**पोखरापत्र संवाददाता**

**पोखरा, १६ जेठ**

सरकारले अघि सारेको आर्थिक वर्ष २०७९/०८० को बजेटमा गण्डकी प्रदेशमा पूर्वाधार विकाससँगै संस्कृति जगेर्ना लगायतमा जोड दिइएको छ।


संसद्को बैठकमा अर्थमन्त्री जनार्दन शर्माले आइतबार प्रस्तुत गर्नुभएको बजेटमा संघीय सरकारले प्रदेशमा विभिन्न क्षेत्र विशेषमा बजेट विनियोजन गरेको छ । कृषिको उत्पादनलाई जोड दिएको सरकारले गण्डकी प्रदेशका हिमाली जिल्लालाई स्याउ उत्पादन र प्रशोधन केन्द्र बनाउन कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख गरिएको छ।

सरकारले मुस्ताङको कोरलामा सुक्खा बन्दरगाह निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाउने अर्थमन्त्री शर्माले जानकारी दिनुभयो। पोखरामा गुरुङ मौलिक संस्कृति संरक्षण गुरुयोजना कार्यन्वयन गर्न सहयोग गर्ने सरकारले जनाएको छ। सरकारले मुक्तिनाथ र उपल्लो मुस्ताङलाई जोड्ने सडक स्तरोन्नतिका साथै वीरेठाँटी-मुक्तिनाथ केबलकार पूर्वाधार तयार गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने बजेट वक्तव्यमा उल्लेख गरेको छ । पोखरा विमानस्थललाई पूर्णरुपमा सञ्चालनमा ल्याउने अर्थमन्त्री शर्माले बताउनुभयो।

आन्तरिक हवाई सेवाको गुणस्तर अभिवृद्धि गर्न र पहुँच विस्तार गर्न बाग्लुङको बलेवा विमानस्थलको स्तरोन्नति गर्ने सरकारले जनाएको छ । विमानस्थलको पूर्वाधार विकासका लागि रु १२ अर्ब २४ करोड विनियोजन गरिएको छ। सरकारले दुर्गम जिल्लाका अस्पतालमा काम गरिरहेका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न एक चिकित्सक एक अस्पताल कार्यक्रम सञ्चालनमा ल्याउने जनाएको छ। नवलपरासी पूर्वको देवचुलीमा ट्रमा सेन्टर सञ्चालनमा ल्याउने सरकारको तयारी छ।

सरकारले सडक मानव एवं सडक बालबालिका मुक्त नेपाल अभियानलाई निरन्तरता दिँदै नेपाललाई सडक मानवमुक्त राष्ट्र बनाउने जनाएको छ । बालबालिकाको खोजतलास सेवा र बाल हेल्पलाइन सेवा विस्तार गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाइने अर्थमन्त्री शर्माले बताउनुभयो । तनहुँको ढकालटारमा बालसुधार गृहको निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सरकारले चितवन-रामपुर-पोखरा द्रुत मार्ग निजी क्षेत्रको लगानीमा निर्माण गर्न लगानी बोर्ड नेपालमार्फत प्रक्रिया अघि बढाउने अर्थमन्त्रीले बताउँनुभयो। रणनीतिक महत्वका नागढङ्गा, नौबिसे, मुग्लिन खण्ड र मुग्लिन-पोखराको सडक स्तरोन्नति र विस्तारको लागि रु १० अर्ब १४ करोड विनियोजन गरिएको अर्थमन्त्री शर्माले बताउनुभयो । पृथ्वी राजमार्गको दमौली-मादी नदीमा सिग्नेचर पुल निर्माण कार्य सुरु गरिने सरकारले जनाएको छ। पोखरा उपत्यकामा ट्राम यातायको सम्भाव्यता अध्ययन गरिने सरकारको योजना छ। गण्डकीको उपल्लो मनाङ, लोमान्थाङमा व्यवस्थित हिमाली सहर विकास गर्न अध्ययन गरिने सरकारको योजना छ । नवलपरासी पूर्वमा सरकारी सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन एकीकृतरुपमा सरकारी कार्यालयको भवन निर्माण गर्न बजेट विनियोजन गरिएको बजेटमा उल्लेख छ। जलवायु परिवर्तनको कारण हिमताल विष्फोटको जोखिम न्यूनीकरण गर्न मनाङको एक, सङ्खुवासभाको एक र सोलुखुम्बुको दुई हिमतालको पानीको सतह घटाउने उल्लेख गरिएको छ।

# नगेन आर्ट एकेडेमीमा राष्ट्रिय कला प्रर्दशनीको समिक्षा तथा पुस्तक विमोचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

नगेन आर्ट एकेडेमीको आयोजना र गण्डकी प्रज्ञा प्रतिष्ठानको सहकार्यमा नेशनल फाईनआर्ट प्रदशनीको समिक्षा तथा सुचि पुस्तक विमोचन कार्यक्रम घामपानी मार्केट चिप्लेढुङ्गामा रहेको एकेडेमीकै हलमा सम्पन्न भएको छ।



प्रदशनीमा सात प्रदेशका १४ जिल्लाका ५१ जना कलाकारका १०१ कलाकृति रहेका थिए।

नेपाल नाटक तथा संगित प्रज्ञा प्रतिष्ठानका पुर्व कुलपति सरुभक्तले दिनभर साहित्य र संगितको ३/४ वटा कार्यक्रममा गएर थाकेर आएको समयमा चित्रकला हेर्दा दिनभरको थकान मेटिएको बताउँदै बरिष्ठ कलाकारदेखि बाल कलाकारहरु सबैको चित्रकला एकै ठाँउमा हेर्न पाउँदा रमाईलो लागेको बताउनु भयो । उँहाले अभावका बावजुद पनि गरिएको यो कार्यक्रम प्रसंशनिय रहेको बताउदै नवोदित कलाकारलाईहरुलाई पनि समेटरे कार्यकम गरेर उनिहरुलाई ठाउँ दिएर उनिहरुलाई हौसाला प्रदान गरेको बताउनुभयो । राजधानी बाहिर केहि गर्ने उद्धेश्यले खोलिएको नगेन आर्ट एकेडेमीको सफलताको कामना गर्दै पोखरामा अरु विधाका कार्यक्रमहरु भइरहको चित्रकलाको पनि यो बनेको देख्दा खुसि लागेको बताउनु भयो।

गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ्गले शान्ति, पर्यटन र कला प्रवर्द्धनका निरन्तर लागिरहेको नगेन आर्ट एकेडेमीको सफलताको कामना गर्दै चित्रकला प्रदशनीमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो। नेपाल ललितकला एकेडेमीका प्राज्ञ तथा पुर्व सभासद् नगेन सिँहलेकलाकार राष्ट्रका गहना होइनन् अभिन्न अंगका रुपमा घोषणा गर्नुपर्ने माग राख्दै प्रत्येक सरकारी स्कुलमा कला शिक्षा, प्रत्येक नगरपालिका तथा गाँउपालिकामा कला विभाग हुनुपर्ने लगाएतका मागहरु राख्नु भयो । पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष मोती भुजेलले अरु साहित्यको कार्यक्रमहरु भईरहने तर चित्रकलाको कार्यक्रम कम हुने गरेको थियो अब चाँहि भईरहने आँशा व्यक्त गर्नुभयो । पत्रकार उदय बहादुर अमात्यले नगेन आर्ट एकेडेमीको सफलताको कामना गर्दै यस एकेडेमीले सक्षम कलाकार उत्पादन गर्ने विश्वास व्यक्त गर्नुभयो। कला शिक्षक सुरेन्द्रराज अधिकारीले यस एकेडेमीले कला विकासमा सहयोग पुग्ने आशाँ व्यक्त गर्दै पोखराको कला जगतमा नयाँ आयाम थप्ने बताउनुभयो। उँहाले यस्ता प्रदशनीले कला विकास र कला सिर्जना गर्न हौसाला प्रदान गर्ने बताउदैं समिक्षाबाट कला विकासमा सहयोग पुग्ने बताउनु भयो । कार्यक्रमका संयोजक प्रमिशा सिलवालले पोखरा पर्यटकिय शहर भएकोले कलाको प्रवद्धन र विकास हुनु जरुरी रहेको बताउदै त्यसको लागि यस्ता कला प्रदशनीहरुको आवश्यकता रहेको बताउनु भयो । उँहाले आगामी दिनहरुमा पनि यस्ता कला प्रदशनीहरुको आयोजना गर्ने बताउनु भयो । सहभागी कलाकारको तर्फबाट आयुस बाटाजुले आँफ्नो कला प्रदशनीमा जोडिन पाउदा खुसि लागेको बताउदैं आफुँ जस्तो युवा कलाकारहरुलाई पनि समेटेको कारण आँफुमा हौसाला पाएको बताउनु भयो।

अभिभावक तर्फबाट रिमा श्रेष्ठले आफ्नो बच्चाले चित्रकला सिक्न खोजेको धेरै समय भइसकेको थियो तर ठाँउ नपाएर भौतारिनु परेको थियो त्यसैले आफँले पनि यो एकेडेमीको बारेमा सबैलाई भन्ने गरेको बताउनु भयो। नगेनन्युज पब्लिकेशन प्रा. ली. का अध्यक्ष ज्योती हमालले राज्यले कला तथा कलाकारको सम्मान गर्न नसकेका कारण नेपालबाट कलाकार पलायन हुने अवस्था आएको र पोखरामा कलाको एकेडेमी खोलेर दक्ष कलाकार उत्पादन गर्ने उद्देश्यले नगेन आर्ट एकेडेमी सञ्चालनमा ल्याइएको बताउदै बिकसित देशहरुमा प्रत्येक वडामा आर्ट सेन्टर हुन्छ भन्छन् तर नेपालमा न त आर्ट सेन्टर छ न त आर्ट ग्यालरी नै नभएका कारण चित्रकला प्रदशनीमा नै समस्या भएको बताउदै अब नगेन आर्ट एकेडेमीले कलाकारले सिर्जना गरेको कला अब कहाँ प्रदशनी गर्ने भनेर भौतारिनु नपर्ने वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गर्नु भयो। हमालले वडामा त के कुरा यँहा त महानगरमा पनि आर्टको, कलाको केहि छैन र चित्रकला, नाटक, गीतसंगित लगाएतका कलालाई उपेक्षा गरेर देश समाजको विकास हुन सक्दैन त्यसकारण कला सबैले बुझ्नु पर्ने बताउनु भयो । प्रदशनीमा बाँके, सुर्खेत, जुम्ला, दाङ, कैलाली, कास्की, सल्यान, स्याङ्गजा, बाग्लुङ, गोर्खा, सुनसरी, सर्लाही,बर्दिया र काठमाण्डौ जिल्लाका सागर क्षेत्री, बिक्रम शिसिर, आर्यन ढकाल, दिपक नेपाली, रोहित थारु, उषा सुबेदि, निशान्त लम्साल, सञ्जित बिष्ट, हुदिप अँसुचन्द, धनराज थारु, याँञ्सु आचार्य, शैलेस थापा, खुश्बु बिष्ट, अशँवन कोईराला, दिपक चन्द, जे.बी आउजी, बिबेक नेपाली, दिब्या गौतम, निशान्त लम्साल, कमल खत्री, उर्मिला थापा, भैभव बिक्रम चन्द, सौगात सवित, आयुश्मा ढकाल, अनुष्का ढकाल, अलिता गुरुङ्ग, सुबान्त पौडेल, आयुस बाटाजु, पदम घले, सानिका पौडेल, लोकप्रसाद गुरुङ्ग, सुरज सुबेदि, उमङ्ग एस, परु अधिकारी, हेमकान्ती गुरुङ्ग, ज्योती गुरुङ्ग, बुद्वि गुरुङ्ग, आरोन बाबु लिगल, ज्योत्सना बिश्वकर्मा, जुलियाना सुनुवार, प्रियंका गुरुङ्ग, शिला थापा मगर, बिजय गुरुङ्ग, आशिष अधिकारी, रमेश खनाल, गोपी श्रेष्ठ, किरण मानन्धर, नज्योशा सिँह ठकुरी, ज्योनशा सिँह ठकुरी, एस.पी. नेपाल, रक्षा नेपाली, अमृत अधिकारी र प्राज्ञ नगेन सिँहको कलाकृतिहरुको रहेको छ।



लेकसिटीका विद्यार्थी भद्रकालीमा मन्दिरमाः पोखरा महानगरपालिका वडा नं ४ स्थित लेक सिटी कलेज एण्ड रिसर्च सेण्टरमा बिए प्रथम वर्षमा पत्रकारिता अध्ययनरत विद्यार्थीहरु सोमवार प्रयोगात्मकको लागि वडा न १२ र १३ मा अवस्थित भद्रकाली मन्दिरमा अवलोकन गरेका छन् । समाचारको लागि अवलोकन पछि मन्दिर व्यवस्थापन समितिमका अध्यक्ष योगेन्द्रमान श्रेष्ठ, वडा न १३ का वडा सदस्य बलवहादुर वराल, सरीफ अलिमियाँ, वडा न १२ का वडा सदस्य गोविन्द प्रसाद सिग्देल लगायतले विद्यार्थीहरुलाई मन्दिरको बारेमा जानकारी गराए। सो कार्यक्रमपछि कलेजका शिक्षक, जनप्रतिनिधिहरु विद्यार्थीहरु मन्दिर अगाडि तस्विर लिँदै।

# कार्यपालिका सदस्यको निर्वाचनमा गठबन्धनबीच सहमति गरेर अगाडि बढ्ने

**रासस**
**काठमाडौं, १६ जेठ**

सत्तारूढ पाँचदलीय गठबन्धको बैठकले कार्यपालिका सदस्यको निर्वाचनमा गठबन्धनबीच सहमति गरेर अगाडि बढ्ने निर्णय गरेको छ।

सत्तारूढ पाँचदलीय गठबन्धनको सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले बाँकी रहेका पालिकाको कार्यपालिका सदस्यको निर्वाचनमा पाँचदलीय गठबन्धनको बीचमा सहमति गरेर अगाडि बढ्ने निर्णय गरेको बैठकमा सहभागी सञ्चार तथा सूचना प्रविधिमैत्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो।

बैठकले ७७ वटा जिल्ला समन्वय समितिमा पनि गठबन्धनको बीचमा सहमति गरी अगाडि बढ्न आ-आफ्ना दलका प्रदेश र जिल्ला समितिहरुलाई निर्देशन दिने निर्णयसमेत गरेको छ। ‘पाँच दलीय गठबन्धनले ७७ वटा जिल्ला समन्वय समिति र बाँकी रहेका पालिकाको कार्यपालिका सदस्यको निर्वाचनमा पाँच दलीय गठबन्धनको बीचमा सहमति गरी अगाडि बढ्न आ-आफ्ना दलका प्रदेश र जिल्ला समितिहरुलाई निर्देशन गर्ने निर्णय गरेको छ’, उहाँले भन्नुभयो । यस्तै बैठकमा स्थानीय तहको निर्वाचनको परिणामबारे पनि छलफल भएको थियो । सञ्चारमन्त्री कार्कीले गठबन्धन देशको आवश्यकता भएकाले आवश्यकता पूरा नहुँदासम्म कायमै रहने बताउनुभयो । उहाँले संविधानको परिकल्पना गरेको समयसीमाभित्र नै आवधिक निर्वाचन हुने स्पष्ट पार्नुभयो । बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादीका अध्यक्ष उपेन्द्र यादव, कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनाल, नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, कांग्रेस नेता कृष्णप्रसाद सिटौला, सञ्चार तथा सूचना प्रविधिमन्त्री कार्की, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेललगायतको उपस्थिति रहेको थियो।

## पोखरा...

अर्थमन्त्रीले बताउनुभयो।

आगामी असोजमा पोखरामा नवौं राष्ट्रिय खेलकुद आयोजना गर्ने तयारी छ। अर्थमन्त्रीले १० औं राष्ट्रिय खेलकुदका लागि आवश्यक पूर्वाधारमा बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । आगामी वर्षको बजेटमा पोखरा-मुग्लिन सडकको स्तरोन्नति र विस्तारका लागि बजेटमा व्यवस्था गरिएको छ। अर्थमन्त्री शर्माले रणनीतिक सडकका रुपमा रहेका नागढुङ्गा-नौबिसे-मुग्लिन खण्ड र मुग्लिन-पोखरा सडकका लागि रु १० अर्ब ७४ करोड विनियोजन गरिएको बताउनुभयो।

# ‘महिला अधिकारका लागि कानुन पर्याप्त छन्’

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ जेठ**

गण्डकी प्रदेशका शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले महिला अधिकारका लागि राज्यले पर्याप्त नीतिनियमसहित कानुन बनाएको बताउनुभएको छ । ‘महिलाको सम्मानः सभ्य समाजको पहिचान’ भन्ने मूल नाराका साथ चौथो राष्ट्रिय महिला अधिकार दिवस २०७९ को अवसरमा मन्त्रालयद्वारा आयोजित कार्यक्रममा श्रेष्ठले अधिकारका लागि राज्यबाट पर्याप्त कानुन निर्माण भएको तर कार्यान्वयमा समस्या देखिएको बताउनुभयो। ‘कानुनमा केही कमी छैन तर कार्यान्वयन जटिलता देखिएको छ, सबै जनाले नीतिनियम कार्यान्वयनका लागि पहल गर्नु आवश्यक छ,’ श्रेष्ठले भन्नुभयो।

उहाँले सुसभ्य र न्यायिक समाज निर्माणका लागि अधिकारसँगै कर्तव्यको पालना पनि जरुरत हुने जनाउँदै स्थलगत रुपमा पुगेर महिलाको सामाजिक आर्थिक मनोवैज्ञानिक अवस्था बुझेर जागरुक गराउन आवश्यक रहेको बताउनुभयो। उहाँले हिंसारहित समाजका लागि महिला पुरुषको भूमिका सशक्त हुनुपर्ने औल्याउँदै पोखरामा हिंसापीडित महिलाको आवास गृह सञ्चालनमा भएका अवरोध हटाउन नागरिक समाज र पत्रकारको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । कार्यक्रममा इन्सेक गण्डकी प्रदेश कार्यालयका कार्यक्रम अधिकृत सबनम शर्माले प्रदेशको महिला अधिकारको अवस्था र चुनौतीका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने हिंसा र मनोसामाजिक स्वास्थ्य समस्याबीचको अन्तरसम्बन्ध र व्यवस्थापनका बारेमा कोशिशका मनोविद् विनय पाण्डेले प्रस्तुतीकरण गर्नुभएको थियो। समाजमा बढ्दो हिंसा अन्त्यका लागि कानुनी व्यवस्थाका बारेमा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक श्रीराम तिमिल्सिनाले सङ्क्षिप्त प्रस्तुति राख्नुभएको थियो।

## विमान...

१२ जना नेपाली, चार जना भारतीय र दुईजना जर्मनी नागरिकसहित २२ जना सवार थिए । यसैबिच उक्त विमान दुर्घटनामा परी एकै परिवारका ७ जनाको ज्यान गएको छ। एकै परिवारका ७ जनाको जहाज दुर्घटनामा मृत्यु भएपछि धनुषाको मिथिला नगरपालिका यति वेला शोकमा डुबेको छ।

उक्त विमान दुर्घटनामा परी ज्यान जानेहरुमा मिथिला नगरपालिका ११ का राजनकुमार गोले, उनका बुबा इन्द्रबहादुर, आमा राममाया तामाङ, काका पुरुषोत्तम गोले, काकी तुलसादेवी तामाङ, मामा मकरबहादुर तामाङ र माइजु सुकुमाया तामाङ रहेका छन्। उनीहरु मुक्तिनाथ दर्शनका लागि पोखराबाट तारा एयरको जहाजबाट आइतबार बिहान जोमसोम तर्फ लागेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# असुरक्षित आकाश

पोखराबाट जोमसोमका लागि १९ जना यात्रु बोकेर उडेको तारा एयरको ट्विनअटर विमान दुर्घटनामा परि २२ जनाको ज्यान गएको छ। तीन जना चालक दलका सदस्य समेत २२ जनाको शव फेला परेको छ। खराब मौसमका कारण दुर्घटना भएको भोलिपल्ट मात्र दुर्घटनाग्रस्त विमान फेला परेको थियो। दुई दशक यता मुस्ताङमा पाँच वटा विमान दुर्घटना भएका छनानेपाली आकाश असुरक्षित भएको पटकपटकको विमान यती समूहको २४ वर्षयता भएको १३ औं हवाई दुर्घटना हो। नागरिक उड्डयन प्राधिकरणका अनुसार नेपालमा हवाई दुर्घटनाको रेकर्ड राख्न थालिएको ६७ वर्षयता भएका आइतबारको दुर्घटनासमेतलाई जोड्दा नेपाली आकाशमा १ सय ८ वटा हवाई दुर्घटना भएका छन्।

दुईवटा टुइनअटर विमानबाट ०५५ जेठमा स्थापना भएको यती एयरलायन्सले २४ वर्षयता आफ्ना दुई जना सञ्चालक दाजुभाइसहित १३ वटा हवाई दुर्घटनामा चालकदलका सदस्य र यात्रुसहित ९७ जनाले ज्यान गुमाएका छन्। हरेक दुई वर्षमा हवाई दुर्घटना बेहोर्नु परेपछि यतीले दुर्गम उडानका लागि १३ वर्षअघि छुट्टै कम्पनी स्थापना गरेको हो। ।त्यसको नाम दियो- तारा एयर। तर, तारा स्थापना भएयता ६ वटा दुर्घटना भइसकेका छन्। यो आँकड हेर्दा यती समूहकै जहाज हरेक दुई वर्षमा दुर्घटनामा पर्ने गरेको देखिन्छ।

२४ वर्षयता यती र दुर्गम उडानका लागि स्थापना गरिएको सहायक कम्पनी तारा एयरसमेत गरी पर्यटन व्यवसायी लाक्पा सोनाम शेर्पाको कम्पनीले १३ वटा हवाई दुर्घटना बेहोरिसकेको छ। नेपालका दुर्गम क्षेत्रमा हवाई सेवा पुऱ्याउँदै आएको सेवामा कमि आउने हो कि ? भन्ने प्रश्न उठेको छ। कुल १३ वटा घटनामा यती समूहले आफ्नै कम्पनीका विमानमा मानवीय क्षति भएका ६ वटा दुर्घटना बेहोरिसकेको छ। यसमा तीनवटा तारा र तीनवटा यतीसँग सम्बन्धित छन्। बाँकी ७ वटा घटनामा यात्रु घाइते भए पनि कुनै मानवीय क्षति भने हुन पाएन। १३ वटा घटनामा दुर्गम तथा हिमाली भेगमा मात्रै यो समूहले ११ वटा घटना बेहोरिसकेको छ। अधिकांश दुर्घटनामा यती समूहले वरिष्ठ तथा विज्ञ पाइलटहरू गुमाएको तथ्यांकमा देखिन्छ।

प्राधिकरणद्वारा जारी एभिएसन सेफ्टी रिपोर्ट-२०२१ का अनुसार, २०१२ सालदेखि ०७६ चैत्रसम्म नेपालमा भएका १ सय ७ हवाई दुर्घटनामा अल्ट्रालाइट वायुयान ३, एकल इन्जिनयुक्त विमान ८, विदेशी वायुसेवाका ९, हेलिकप्टर ३६ र मल्टी इन्जिनयुक्त विमानसँग सम्बन्धित ५१ वटा दुर्घटना भए। यीमध्ये दुर्गम भेग उडानमा चार दशकदेखि नेपालमा प्रख्यात क्यानेडियन ट्विनओटर विमानमात्रै २४ वटा दुर्घटनामा परिसकेका छन्। जसमा ९ वटा घटनामा यती तथा ताराका नामले उडाइएका ट्विनओटर विमान परेका छन्।

०४१ सालयता ट्विनओटर दुर्घटनामा मात्रै १ सय ८६ जनाले ज्यान गुमाइसकेका छन्। मुस्ताङ क्षेत्रमा ताराको यो दोस्रो ठूलो दुर्घटना हो। ६ वर्षअघि ताराले आधुनिक ब्रान्ड- न्यू ट्विनओटर म्याग्दीको दानामा दुर्घटना हुँदा चालकदलसहित २३ जनाको मृत्यु भएको थियो। यस कम्पनीले बेहोरेको १३ वटा हवाई दुर्घटना आइतबार मुस्ताङको सानोसरे भीरमा भएको दोस्रो ठूलो दुर्घटना हो। प्रारम्भिक अनुमानअनुसार, यो दुर्घटना हुमुमा 'ह्युमन इरर' भनिएको छ। दुर्गम उडानमा ताराको नाममा ४ वटा ट्विनओटर सुगम उडानमा यतीको नाममा ५ वटा एटीआर विमान भएको यो कम्पनीसँग अब ८ वटा विमान बाँकी रहेका छन्।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाव |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।


# सगरमाथा आधार शिविरमा जलवायु परिवर्तन सम्मेलन

पोखरापत्र संवाददाता

काठमाडौं, १६ जेठ

विश्वको सर्वोच्च शिखर सगरमाथाको आधारशिविरमा 'जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलन' सम्पन्न भएको छ। विश्व कीर्तिमानी समाजको आयोजनामा अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा (मे २९) आइतबार सगरमाथा आधार शिविरमा उक्त सम्मेलन सम्पन्न भएको हो।

वर्तमान परिस्थितिमा जलवायु परिवर्तन र त्यसको असर न्यूनीकरणका सवालमा विश्वको ध्यानाकर्षण गराउने उद्देश्यले अमेरिकी वातावरण वैज्ञानिकको सहभागितामा उक्त सम्मेलन सम्पन्न गरिएको विश्व कीर्तिमानी समाजका अध्यक्ष सञ्ज राईले जानकारी दिनुभयो। सम्मेलनमायुनिभर्सिटीकोलोराडो अमेरिकाका वातावरण वैज्ञानिक जोन्ना लेम्बर्ट र कोलोराडो स्टेट युनिभर्सिटीका वैज्ञानिक जोयल बर्गरको सहभागिता रहेको थियो। उहाँहरुले विश्वमा जलवायु परिवर्तनको वर्तमान अवस्था, प्रभाव र न्यूनीकरण विषयमा प्रतिवेदन पेश गर्नुभएको थियो। वातावरण वैज्ञानिकको सहभागितामा सगरमाथा आधार शिविरमा जलवायु परिवर्तनको सवालमा विश्वको ध्यानाकर्षण गराउन सम्मेलन भएको संयोजक पूर्ण राईले जानकारी दिनुभयो।

# मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना

रासस

काठमाडौं, १६ जेठ

देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा हाल स्थानीय वायु, भारतको उत्तर प्रदेश, विहार आसपास रहेको न्यून चापीय रेखा र पश्चिमी वायुको प्रभावका कारण प्रदेश नं एक, मधेश प्रदेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा र बाँकी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

उक्त प्रणालीको प्रभाव अझै केही दिन कायम रहने बताइएको छ। रातिको समयमा प्रदेश न १, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ। मधेश प्रदेशका थोरै भू-भागमा हल्कादेखि मध्यम वर्षा र प्रदेश नं १ बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। मङ्गलबार प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रही प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ र हावाहुरीसहित हल्का वर्षाको सम्भावना रहेको छ।

# बजेट सकारात्मक तर कार्यान्वयनमा चुनौती : चेम्बर

रासस

काठमाडौं, १६ जेठ

नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०७९/८० को बजेट सकारात्मक भए पनि कार्यान्वयनको पाटो चुनौतीपूर्ण भएको जनाएको छ।

अर्थमन्त्री जनार्दन शर्माले आइतबार संसद्मा प्रस्तुत गर्नुभएको आव २०७९/८० को बजेटको सन्दर्भमा चेम्बरले आज विज्ञप्ति जारी गर्दै बजेट सकारात्मक भए पनि कार्यान्वयनमा चुनौती भएको जनाएको हो।

सरकारले ल्याएको रु १७ खर्ब ९३ अर्ब ८३ करोड बजेटको आकार ठूलो भएको चेम्बरले जनाएको छ। चालू आवमा रु १६ खर्ब ३३ अर्बको बजेट ल्याए पनि खर्च गर्न नसकेर संशोधनमार्फत रु १४ खर्ब ४७ अर्ब ५१ करोडको बनाइएको भन्दै चेम्बरले बजेट यथार्थतामा आधारित हुन नसकेको जनाएको हो। ठूलो आकारको बजेट घोषणा गर्ने तर खर्च गर्नका लागि संरचनागत सुधार हुन नसक्दा आगामी आवमा आठ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कठिनाइ हुने चेम्बरले उल्लेख गरेको छ। बजारमा तरलता समस्या अझै सम्बोधन हुन नसकेको, पूँजीगत खर्च हुन नसकेको तथा मूल्यवृद्धिका कारण लक्ष्य भेट्न कठिनाइ भएको चेम्बरको ठहर छ।

कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बाँभो जमिनको उपयोग, कृषि एम्बुलेन्सलाई प्राथमिकतामा राखेर बजेट आउनु सकारात्मक भएको चेम्बरले जनाएको छ। कृषिलाई प्रवर्द्धन गर्न रु पाँच खर्बको कृषि लघुवित्त कोषको स्थापना गर्नुलाई चेम्बरले स्वागत गरेको छ। "स्वदेशमा औद्योगिक वातावरण बनाई रोजगारी सृजना गर्न विदेशी लगानीको सीमा घटाउनेदेखि उद्योगलाई छुटसम्म दिने घोषणा बजेटमा उल्लेख गरिनु राम्रो कुरा हो, विदेशी लगानीको सीमा घटाई रु दुई करोड मात्र कायम गर्ने व्यवस्थाले स्वदेशी लगानी निरुत्साहित हुन जाने देखिन्छ," चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। खेतदेखि कारखाना, एकीकृत नमूना कार्यक्रम, औद्योगिक प्रयोजनका लागि ५० वर्षसम्म लिजमा जग्गा, उद्योगलाई विद्युत् महसुल दुईदेखि १५ प्रतिशत छुट एवम् औद्योगिक प्रयोजनका लागि जग्गाको हदबन्दी हटाउने जस्ता आकर्षक कदम औद्योगिक प्रवर्द्धनका लागि सकारात्मक रहेको चेम्बरले जनाएको छ। यस्तै, चेम्बरले रु १२ खर्ब ४० अर्बको राजस्वको लक्ष्य चुनौतीपूर्ण रहेको जनाएको छ।

कोभिड-१९ महामारीको प्रभावबाट पूर्ण रुपमा तङ्ग्रिन नपाएको निजी क्षेत्र र सरकारका सङ्कुचनकारी आर्थिक नीतिले निजी क्षेत्र निरुत्साहित भएकाले राजस्वको महत्वाकाङ्क्षी लक्ष्य हासिल हुन कठिन हुने चेम्बरको भनाइ छ। तरलताको समस्या रहेको विद्यमान अर्थतन्त्रमा आन्तरिक ऋणको लक्ष्य रु दुई खर्ब ५६ अर्बको राखिएकाले यसले तरलताको समस्या झन् बिकराल हुन जाने चेम्बरले जनाएको छ।

सरकारले आगामी आवको बजेटमार्फत वार्षिक रु पाँच लाखसम्म कमाउने व्यक्तिले एक प्रतिशत र दम्पतीको हकमा वार्षिक रु ६ लाखसम्म कमाउँदा एक प्रतिशत कर लगाउने बजेटमा उल्लिखित व्यवस्थालाई पनि चेम्बरले स्वागत गरेको छ।

# बलेवा विमानस्थल स्तरोन्नतिसँगै सञ्चालनमा ल्याइने

पोखरापत्र संवाददाता

बागलुङ, १६ जेठ

बागलुङका बलेवा विमानस्थललाई सरकारले प्राथमिकताका साथ स्तरोन्नति गर्ने भएको छ। बन्द अवस्थामा रहेको विमानस्थल स्तरोन्नतिका लागि सरकारले बजेट तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गरिएको छ।

अर्थमन्त्री जनार्दश शर्माले आइतबार संसद्मा पेश गर्नुभएको आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा बागलुङको बलेवा विमानस्थललाई थप स्तरोन्नति गरी सञ्चालनमा ल्याइने बताउनुभएको छ। ग्रामीण क्षेत्रबाट गुणस्तरीय हवाई सेवा दिने उद्देश्यले बन्द अवस्थामा रहेको विमानस्थललाई स्तरोन्नति गरी सञ्चालनमा ल्याइने सरकारले घोषणा गरे अनुसार बलेवा विमानस्थल स्तरोननतिसँगै सञ्चालनमा ल्याइने जनाइएको छ। अहिले विमानस्थलको धावनमार्ग भखरै कालोपत्र सम्पन्न भएको छ। विमानस्थलमा टर्मिनल टावर लगायतका थुप्रै पूर्वाधार निर्माणको आवश्यकता देखिएपछि सरकारले प्राथमिकताका साथ स्तरोन्नति गरेर विमानस्थल सञ्चालन गर्ने अर्थमन्त्री जनार्दन शर्माले बजेट वक्तव्यमा उल्लेख गर्नुभयो।

सरकारलेबलेवाविमानस्थलको स्तरोन्नतिसँगै सञ्चालनमा ल्याउने भनेपछि लामो समयदेखि बन्द रहेको विमानस्थल सञ्चालनमा आउने आश पलाएको छ। २८ वर्षदेखि नियमित उडान हुन नसकेको बागलुङ नगरपालिका-१४नारायणस्थानमा रहेको विमानस्थलको धावनमार्ग कालोपत्र सम्पन्न भइसकेको छ। कच्ची धावनमार्गका कारण बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएका कारण विमानस्थल नियमितरूपमा सञ्चालनमा आउन सकेको थिएन। कालोपत्र सम्पन्न भएको विमानस्थलको अन्य पूर्वाधार निर्माणमा सरकारले प्राथमिकताका साथ बजेट विनियोजन गर्ने सरकारले बजेट तथा कार्यक्रम मार्फत घोषणा गरेको छ। विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्रको काम सम्पन्न भएको छ। सरकारले प्राथमिकतामा राखेको विमानस्थलमा पूर्वाधार निर्माणसँगै जनशक्ति तथा प्राविधिक व्यवस्थापन गर्ने छ। विसं २०७४ मा केही समय सञ्चालनमा आएको विमानस्थल कालोपत्र भएसँगै सञ्चालनका लागि सरकारले तयारी थालेको हो। विमानस्थल सञ्चालनका लागि २०७४ चैत ९ गते देखि यती र नेपाल वायुसेवा निगमसँग सम्झौता गरेर यात्रु सुनिश्चितता नहुँदा बागलुङ नगरपालिकाले खर्च व्यहोर्ने गरी उडान भरिएको थियो। तर यसलाई निरन्तरता दिन सकिएको थिएन। सरकारले बागलुङको वलेवा विमानस्थलसँगै डडेलधुरा, गैरीगाउँ, टीकापुर, दाङलगायतका स्थानको विमानस्थलको स्तरोन्नति गरिने जनाएको छ।

# अध्ययन बिना नयाँ सडक खन्न रोक

पोखरापत्र संवाददाता

बागलुङ, १६ जेठ

बागलुङ नगरपालिकाले जथाभावीरुपमा सडक खन्ने नीतिलाई सुधार गर्न प्राविधिक अध्ययन बिना नयाँ सडक खोल्न रोक लगाएको छ।

नगरको दोस्रो बैठकले बागलुङ नगरभित्रका सबै टोल/गाउँमा सडक पुगिसकेको जनाउँदै आगामी दिनमा सडक खन्न रोक लगाउने र भएका सडक स्तरोन्नतिमा जाने जनाएको छ। बागलुङ नगरले सडक खोल्न बन्द गर्ने तर अत्यावश्यक भएमा नगरको प्राविधिक टोलीको स्थलगत अध्ययनपछि मूल्याङ्कनका आधारमा मात्रै सडक खन्न दिइने निर्णय भएको नगरका प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार बागलुङ नगरको दोस्रो कार्यपालिका बैठकबाट नयाँ सडक प्राविधिक अध्ययनपश्चात मात्रै खन्न पाइने, बागलुङ प्रवेशद्वारलाई व्यवस्थित बनाइने र जिल्लाको ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन पार्कीङस्थलको व्यवस्थापन गर्नेलगायतको निर्णय भएको छ।

नगरभित्र पार्कीङको निकै समस्या भएका कारण सरकारी तथा निजी जग्गामा पार्कीङस्थल बनाउने, नयाँ सडक खन्न रोक लगाउँदै प्राविधिक अध्ययनपछि मात्रै सडक खन्न लगाउने र बागलुङ बजारको प्रवेशद्वारलाई सुन्दर बनाउने निर्णय गरिएको बागलुङ नगरपाकिलाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो। "नगरपालिकामा जथाभावी भूगोलको अध्ययनबिनै सडक खन्ने प्रचलनले विपद्का घटनामा वृद्धि भएको पाइएको छ, उपभोक्ता समितिले डोजर चालक मिलेर सडक खन्दा पहिरोको जोखिम समेत व्यापक छ" श्रेष्ठले भन्नुभयो "धेरै स्थानमा सडकको पहुँच पुगेको छ, भएको सडकलाई पाँच वर्षमा स्तरोन्नतिका लागि बजेट विनियोजन गरिनेछ, नयाँ ट्र्याक खोल्नै पर्ने भए प्राविधिकले अध्ययन गरेपछि मात्रै पाइन्छ।" यस्तै ट्राफिक व्यवस्थापनका लागि बागलुङ बजारभित्रै सरकारी तथा निजी जग्गा खोज्ने कार्यपालिकाले निर्णय गरेको छ। साँघुरो बागलुङ बजारमा मोटरसाइकल तथा जीपको पार्किङ गर्न अत्यन्तै समस्या रहेका कारण भाडा तिरेर सवारीसाधन पार्कीङको व्यवस्था मिलाउने बागलुङ नगरपालिकाले जनाएको छ।

यस्तै अव्यवस्थित रुपमा बागलुङ बजारको मालढुङ्गा प्रवेशद्वारमा रहेका होर्डिङ बोर्डलाई नगरले व्यवस्थित गर्ने जनाएको छ। नगरले बागलुङ प्रवेशद्वार मालढुङ्गास्थित पुलको रङ्गरोगन गर्ने, विद्युतिय बत्ती जडान गर्ने र होर्डिङ बोर्डलाई व्यबस्थित गराइ सुन्दर बनाउने भएको छ। होर्डिङ बोर्ड व्यवस्थापन गर्न अध्ययन समिति समेत गठन गरिएको छ। नगरले पहिलो कार्यपालिका बैठकमा बालमैत्री नगर घोषणा गर्ने निर्णय गरेको थियो।

# टोलमै करोडौंका योजना माग्छन् उपभोक्ता

पोखरापत्र संवाददाता

बागलुङ, १६ जेठ

बागलुङ नगरपालिका-१३ का वडाध्यक्ष नारायण शर्मा पौडेल शनिबार दिनभर सर्वसाधारणका विकासे योजना सङ्कलनमा व्यस्त रहनुभयो।

उहाँले आगामी असारमा आउने बागलुङ नगरको नीति तथा कार्यक्रम र बजेटको तयारीका लागि टोल भेला गरेर सर्वसाधारणका धारणा बुझिरहनुभएको छ। विकासे कार्यक्रमका विषयमा पनि उहाँहरुले टिप्पणी उतार्नुभएको छ। शनिबार बिहान साविक पैँय्युपाटा गाविसको वडा नं १ पुगेका पौडेलले सर्वसाधारणबाट एक करोडका योजना पाउनुभयो। सडकदेखि विद्यालय भवन र खानेपानीका योजनासम्म सर्वसाधारणले उहाँलाई टिपाए। वडाका अन्य टोलमा पनि करोडौँका योजना माग भएर आउने गरेका छन्।

वडामा आउने बजेटले स्थानीयबाट आएका १० प्रतिशत योजनासमेत सम्बोधन गर्न कठिन हुने गरेको पौडेलले बताउनुभयो। पौडेलमात्रै होइन बागलुङका अधिकांश वडामा निर्वाचित वडाध्यक्षको पहिलो काम नै टोल भेला र योजना सङ्कलन भएको छ। सबै वडाका सर्वसाधारणको माग र आवश्यकता एकै खालका छन्। यसपटकको निर्वाचनमा दोहोरिएका वडाध्यक्षका लागि त यो प्रक्रिया निकै पुरानो भइसकेको छ। तर नवनिर्वाचित वडाध्यक्षका लागि भने जनताको चाहना र योजना निकै चुनौतीपूर्ण रहेको महसुस हुन थालेको छ। "जनताले अपेक्षा राख्न पाउँछन्, सबै योजना बन्छन् नै भनेर मागेका पनि होइनन्, प्राथमिकताका आधारमा विनियोजन हुने योजनामा जनता खुसी हुन्छन्", बागलुङ नगरपालिका-१३ का स्थानीय डा रामबहादुर केसीले भन्नुभयो, "स्रोत कम हुने र आवश्यकता बढी हुने मानवीय गुण हो।" आगामी असारमा नीति तथा कार्यक्रम र बजेट ल्याउन भ्याइन्भ्याइ गर्दै पालिका प्रमुख र वडा समितिले योजना खोजी गर्न थालेपछि सर्वसाधारण पनि आफ्नो टोल र गाउँका योजना लिएर जनप्रतिनिधिसामु पुग्ने गरेका छन्। "अहिले पनि धेरैले सडकै बनाउने भन्नुहुन्छ, निकै कम उपभोक्ताका मात्रै अरु योजना हुन्छन्", बागलुङ नगरपालिका-१४ का वडाध्यक्ष चक्रबहादुर खत्रीले भन्नुभयो, "हामी उपलब्ध स्रोत साधनको उपयोग गरेर न्यायोचित विनियोजनको पक्षमा छौं।" शिक्षा, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा भने निकै कम योजनाको माग हुने गरेको छ।

सडक, पदमार्ग, खानेपानी र भवनका योजनाका सिवाय सर्वसाधारणका बीचमा पनि बहस हुन थालेको छ। "विगतले सानाभन्दा पनि महत्वपूर्ण काम प्रभाव राख्ने खालका गर्नुपर्छ भन्ने सिकाएको छ तर जनताको माग फरक छ", काठेखोला गाउँपालिका-७ का वडाध्यक्ष प्रेम लामिछानेले भन्नुभयो, "जनभावना र आवश्यकता दुवैको सम्बोधन हुनेगरी काम गर्नुपर्ने चुनौती हाम्रोसामु छ।"

# कोरला नाकामा बन्दरगाहा बनाइने

रासस
म्याग्दी, १६ जेठ

सरकारले मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित कोरला नाकामा सुख्खा बन्दरगाहा निर्माण गर्ने भएको छ । अर्थमन्त्री जर्नादन शर्माले आइतबार सङ्घीय संसद्को दुवै सदनमा आर्थिक वर्ष २०७९/८०को बजेट व्यक्तव्य प्रस्तुत गर्दै मित्रराष्ट्र चीनसँग भएको पारवहन सम्झौता बमोजिम उपलब्ध नाकालाई उपयोग गर्दै तेस्रो मुलकसम्मको पहुँचलाई थप सहज बनाइ अन्तर राष्ट्रिय व्यापार प्रवर्द्धन गर्ने घोषणा गर्नुभयो ।

मुस्ताङको कोरला, डोल्पाको तीजे धो, कञ्चनपुरको चाँदनी दोधारा र महोत्तरीको जलेश्वरमा सुख्खा बन्दरगाहा निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने बजेट वक्तव्यमा उल्लेख छ । सन् १९६० देखि बन्द रहेको यो नाकामा हरेक वर्षमा दुई पटक आयोजना गरिने अन्तरदेशीय व्यापार मेला पनि पछिल्ला दुई वर्ष गरिएको छैन ।

चीनको स्वशासित क्षेत्र तिब्बतको सिमानामा चार हजार ७०० मिटरको उचाइमा अवस्थित कोरला नाकामा सुख्खा बन्दरगाहा निर्माणका लागि भन्सार विभागले डेढ वर्षअघि सम्भाव्यता अध्ययन गरेको थियो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नोर्बु गुरुङले कोरलामा सुख्खा बन्दरगाहा, भन्सार, एकीकृत जाँच चौकीलगायत पूर्वाधार निर्माणका लागि एक हजार रोपनी जग्गा व्यवस्था गरिसकिएको जानकारी दिनुभयो । कालीगण्डकी कोरिडोरअन्तर्गत कोरला नाका जोड्ने बेनी-जोमसोम-कोरला सडक स्तरोन्नतिको काम करिब ७५ प्रतिशत सकिएको छ । नवलपरासीको बर्दघाटदेखि कोरला जोड्ने ४०६ किलोमिटर दुरीको कालीगण्डकी कोरिडोर भारत र चीन जोड्ने नेपालकै छोटो सडक हो । निर्माणाधीन कालीगण्डकी, कर्णाली र कोसी कोरिडोर सडक आयोजनालाई रु चार अर्ब ६९ करोड विनियोजन गरिएको छ । गण्डकी प्रदेशको लाइफलाइन मानिएको कालीगण्डकी कोरिडोरअन्तर्गत बागलुङ, गुल्मी, पर्वत खण्डमा सडकको ट्याक खोलिएको छ । कोरला नाका नजिकैको नेचुङमा सशस्त्र प्रहरीको विओपी स्थापना गरेर भवन निर्माण भइरहेको छ । लोमान्थाङको लुइुफुफाँटमा नेपाली सेनाको क्याम्प राखिएको छ । चीनले आफ्नो क्षेत्रमा पूर्वाधार तयार पारेको छ । ढोङ्वासेनको बजारदेखि कोरला नाकासम्मको सडक कालोपत्र गरिएको छ । दशगजाको नजिकै चीनको भूगोलतर्फ भन्सार, अध्यागमन र सुरक्षा निकायका लागि दुई वटा भव्य भवन बनाइएको छ । मुस्ताङको मुक्तिनाथ-उपल्लो मुस्ताङ जोड्ने सडकलाई स्तरोन्नति गर्ने र बिरेठाँटी-मुक्तिनाथ केबलकारको पूर्वाधार तयार पार्न निजी क्षेत्रलाई सहजीकरण गरिने सरकारको घोषणा छ । मुस्ताङको लोमान्थाङ, ओलाङचुङगोला, किमाथाङ्का, उपल्लो मनाङ, डोल्पो बुद्ध, लिमी र हिल्सामा व्यवस्थित हिमाली सहर विकास गर्न अध्ययन गर्ने बजेट वक्तव्यमा उल्लेख छ ।

मुस्ताङ, मनाङलगायत गण्डकी र कर्णालीको हिमाली जिल्लालाई स्याउ उत्पादन र प्रशोधनको केन्द्र बनाउन कार्यक्रम सञ्चालन गरिने घोषणा गरिएको छ ।



छोरीको सम्झनाः आइतबार पोखराबाट जोमसोम उडानका क्रममा मुस्ताङमा दुर्घटनामा परेको तारा एयरको एयर होस्टेस कृष्मी थापाकी आमा सोमबार पोखरामा छोरीलाई सम्झेर भावव्हिल हुँदै । तस्वीर : राधिका कँडेल, रासस

# म्याग्दीमा फौजी कीराको समस्या

पोखरापत्र संवाददाता
गलेश्वर, १६ जेठ

म्याग्दी जिल्लामा किसानले लगाएको मकै बालीमा फौजी कीराले क्षति पुऱ्याउन थालेको छ । जिल्लाको ज्यामरुककोट, बाबियाचौर, अर्मन, रत्नेचौरलगायतका क्षेत्रका किसानले लगाएको मकै बालीमा त्यस्ता कीराले दुःख दिन थालेको हो ।

हुर्किसकेका, घोवा हाल्न लागेका र भर्खर उम्रिएर हरिया भएका मकैका बोटलाई कीराले सखाप अवस्थामा पुऱ्याएको किसानको बताएका छन् । भर्खर हरिया भएका बोटमा फौजी कीराको आक्रमण बढी भएकाले बोट नै सकिन थालेको मङ्गलाका किसान टेकबहादुर विकले गुनासो गर्नुभयो । उहाँका अनुसार विषादीले समेत कीराको आक्रमण रोकिन सकेको छैन ।

उहाँले भन्नुभयो "पछिल्लो दुई सातादेखि मकैबालीमा फौजी कीराको समस्या बढेछ । समस्या रोकन विभिन्न उपाय अपनाए पनि कीरा नियन्त्रणमा आउन सकेको छैन ।" बगरफाँट, खबरा, भकिम्ली, बाबियाचौरलगायतका स्थानका किसानले लगाएका क्षेत्रका बालीमा कीराको प्रकोप बढेको कृषिप्राविधिकले बताएका छन् । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले रोग र कीराको प्रकोपबाट यस क्षेत्रका किसानले हैरानी बेहोर्नुपरेको बताउनुभयो । कीरा प्रकोप नियन्त्रण गर्न किसानलाई प्राविधिक सेवा र विषादी निःशुल्क उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो । यहाँका किसानले परम्परागत रुपमा लगाउँदै आएको मकैबालीमा कीराको आक्रमण बढी छ । जिल्लाको ज्यामरुककोट क्षेत्रमा भने मकैका बोट उम्रन थालेदेखि नै कीराको आक्रमण बढेको र बोट जोगाउनै मुस्किल परेको किसानको भनाइ छ ।

प्रायः सुक्खा मौसममा देखिने सो कीरा पछिल्लो समय वर्षा भइरहँदा पनि कीराको आक्रमण बढेको कृषि प्राविधिक बताउँछन् । कीराले मकैको पातमा लाम्चा आकारका झिल्लीमात्र छाडेर मकैको पातलाई कोतरेर खानाका साथै मकैको घोगा, पात, जुँगा र गुभोमा पनि क्षति पुऱ्याउने कृषि प्राविधिकले जनाएका छन् ।

# ढोरपाटन नगरपालिकाका जनप्रतिनिधिलाई प्रशिक्षण

पोखरापत्र संवाददाता
बागलुङ, १६ जेठ

नेपाली काँग्रेस गण्डकी प्रदेश कार्यसमितिले बागलुङको ढोरपाटन नगरपालिकामा गठबन्धनका तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई आज प्रशिक्षण दिएको छ । निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिबद्धतासँगै जनताका आवश्यकतालाई जनप्रतिनिधिले सम्बोधन गर्नुपर्ने जिम्मेवारी एवं दायित्वबारे उनीहरूलाई बोध गराउने उद्देश्यका साथ प्रशिक्षण दिइएको हो ।

नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले जनप्रतिनिधिहरूले जनताको भावनालाई आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । जनताको विश्वास जित्नेगरी काममा जुट्न आग्रह गर्दै उहाँले जनताको शासक नभई सेवक हुँ भन्ने भावनाका साथ क्रियाशील बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ढोरपाटन नगरपालिकाका नवनिर्वाचित उपप्रमुख धनबहादुर कायतले जनअपेक्षाअनुसार काम गर्ने कुरामा आफूहरू दृढ रहेको बताउनुभयो । पोखरा र ढोरपाटनलाई पर्यटकीयरूपमा जोड्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले त्यसका लागि सहयोग गर्न आग्रह गर्नुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका प्रशिक्षण विभागका उपप्रमुख प्रा डा कुसुमाकर न्यौपानेले नेपाली काँग्रेसको सङ्कल्प र जनप्रतिनिधिको दायित्व सम्बन्धमा प्रशिक्षण दिनुभयो । उक्त अवसरमा स्थानीय जनप्रतिनिधिले जान्नुपर्ने कानूनी विषयमा कपिलमणि दाहाल, नेपाली काँग्रेसको सङ्कल्प र योजना, प्रशासन र आर्थिक कारोबार सम्बन्धमा जयराम पौडेल, जनप्रतिनिधिमा हुनुपर्ने नैतिकता, जिम्मेवारीलगायतका विषयमा कमलराज सापकोटाले प्रशिक्षण दिनुभएको थियो । उक्त अवसरमा पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले नवनिर्वाचितलाई टीका तथा खादा लगाएर बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

# नाट्टाद्वारा हवाई दुर्घटनाप्रति शोक व्यक्त

रासस
काठमाडौं, १६ जेठ

नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले तारा एयरको ट्विनअटर विमान दुर्घटनामा परी ज्यान गुमाउने चालक दल तथा यात्रुहरुको निधनप्रति शोक व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ ।

शोक वक्तव्य जारी गर्दै घटनाले नाट्टा परिवारलाई स्तब्ध बनाएको भन्दै यस दुःखद घडीमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति भावपूर्ण समवेदना प्रकट गरेको छ । मुस्ताङको थासाङस्थित सानसुरे भिरमा दुर्घटनाग्रत भई उक्त विमानमा सवार चालक दलका तीन तथा १९ यात्रुको निधन भएको थियो । भौगोलिक बनावटका कारण नेपालको पर्यटन व्यवसायको विकास र विस्तारमा सुरक्षित हवाई सेवा एक आवश्यक पूर्वाधार भएको भन्दै नाट्टाले यस किसिमको हवाई दुर्घटनाले पर्यटन व्यवसायमा नकारात्मक प्रभाव पार्ने जनाएको छ । साथै निकायले नेपालको हवाई सेवालाई बढी भरपर्दो र विश्वसनीय बनाउन आवश्यक हवाई सुरक्षाको मापदण्डमा कडाइ गर्न तथा जोखिम न्यूनीकरणका सबै मापदण्ड कार्यान्वयन गर्न संस्थाले आग्रह गरेको छ । स्वदेशी/विदेशी पर्यटकलाई विश्वसनीयताको अनुभूति निर्माण गर्न आवश्यक पहल गर्न हुन पनि सबै सम्बद्ध निकायसँग नाट्टाले जोडदार माग गरेको छ ।

# 'बलात्कारविरुद्ध मुद्दामा हदम्याद नलाग्ने गरी कानुन ल्याइनेछ'

रासस
काठमाडौं, १६ जेठ

प्रधानमन्त्री शेरबहादुर देउवाले बलात्कारविरुद्धको उजुरीमा हदम्याद नलाग्ने गरी कानुन संशोधनको विधेयक संसद्‌मा चाँडै प्रस्तुत गरिने बताउनुभएको छ ।

चौथो राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा आज आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री देउवाले महिला हिंसाका घटनामा सरकारले शून्य सहनशीलता अपनाउने र लैङ्गिक समानताका लागि संविधानले दिएको समावेशी समतामूलक हकअधिकार कार्यान्वयनका लागि सक्दो पहल गर्ने पनि बताउनुभयो । उहाँले निर्मला पन्तको हत्याका दोषीलाई पक्राउ गर्न समय लागे पनि प्रहरीको अनुसन्धान जारी रहेकाले एक दिन हत्यारा कानुनी नियन्त्रणमा आउने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले लैङ्गिक समानताका दृष्टिले नेपाल दक्षिण एशियामै अग्रणी मुलुक रहेको र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिमा स्वामित्व वृद्धिका लागि नीतिगत र कानुनी प्रबन्ध गरिएको स्पष्ट गर्दै राज्यका सबै निकायमा महिलाको सार्थक सहभागिता र उपस्थितिका लागि पनि सरकार क्रियाशील रहेको अवगत गराउनुभयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले नेपाली महिलाले मताधिकार पाउनका लागि पनि अग्रज महिलाले सङ्घर्ष गरेर अधिकार हासिल गरेको उल्लेख गर्दै राज्यका सबै निकायमा भविष्यमा ५० प्रतिशत महिला सहभागिताका लागि लाग्नुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले संविधानमा समानताको हक स्थापित भए पनि अझै आमाका नामबाट नागरिकता पाउन कठिनाई भएकाले सहज प्रबन्धका लागि सरकारसँग आग्रह गर्नुभयो ।

# कामपाका प्रमुख, उपप्रमुखसहित १६० जनप्रतिनिधिले लिए शपथ

पोखरापत्र संवाददाता
काठमाडौं, १६ जेठ

काठमाडौं महानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिले पद तथा गोपनीयताको शपथ लिनुभएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय राष्ट्रियसभा गृहमा आज आयोजित कार्यक्रममा मुख्य निर्वाचन अधिकृत राजुकुमार खतिवडाले प्रमुखमा निर्वाचित बालेन्द्र साहलाई शपथ गराउनुभयो ।

सोलगत्तै प्रमुख साहले उपप्रमुखमा निर्वाचित सुनिता डङ्गोल, ३२ वटै वडाका वडाध्यक्ष र वडा सदस्यलाई शपथ गराउनुभएको थियो । उपप्रमुख डङ्गोलले नेपाल भाषामा शपथ लिनुभएको थियो । प्रमुख साहले पनि मुख्य निर्वाचन अधिकृतबाट शपथ लिएपछि नेपाल भाषामा शपथको व्यहोरा पढ्नुभएको थियो । शपथ ग्रहण समारोहमा प्रमुखमा निर्वाचित साह दौरा सुरुवाल, कोट र भादगाउँले टोपी तथा उपप्रमुख डङ्गोलले हातले बुनेको ढाकाको साडी, चोलोका साथ सहभागी हुनुभएको थियो । समारोहमा नवनिर्वाचित १६० जनप्रतिनिधिलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको थियो ।

प्रमुख साह र उपप्रमुख डङ्गोलले आजै पदवहाली गर्ने कार्यक्रम रहेको छ । सो अवसरमा मुख्य निर्वाचन अधिकृत खतिवडाले जनताले दिएको मतलाई शिरोधार्य गरेर जनताको सेवा गर्न आग्रह गर्नुभयो । गत वैशाख ३० गते सम्पन्न निर्वाचनबाट प्रमुखमा स्वतन्त्र उम्मेदवार साह र उपप्रमुखमा नेकपा (एमाले)का सुनिता डङ्गोल निर्वाचित हुनुभएको थियो । गत वैशाख ३१ गते बिहानदेखि कामपाको मतगणना सुरु गरिएको थियो ।

महानगरको अन्तिम मतपरिणाम गत शुक्रबार मात्रै सार्वजनिक भएको थियो । वडा २४ र २५ मा दलित महिला सदस्यको उम्मेदवारी नै परेन । कामपाको प्रमुख पदमा विभिन्न दल र स्वतन्त्र गरी ५६ र उपप्रमुखमा ३५ जनाको उम्मेदवारी परेको थियो । कामपाको ३२ वडामध्ये १९ वडामा नेपाली काँग्रेस र १२ वडामा एमाले विजयी भएको छ । एक वडामा नेकपा (एकीकृत समाजवादी) विजयी भएको छ ।

तीन लाख २४२ मतदाता रहेको कामपामा करिब एक लाख ९० हजार ९६२ मत खसेको थियो । सात हजार ६८२ मत पूर्ण बदर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

# बिहान मौन स्नान गरी मनाइयो सोमबारे औंशी

रासस
काठमाडौं, १६ जेठ

सोमबार औंशी परेका दिन बिहान नबोली स्नान गरी मनाइने सोमबारे औंशी सोमबार बिहान मौन स्नान गरी मनाइएको छ ।

सोमबार औंशी परेका दिन बिहान उठेर नबोलिकन स्नान गरे मनोकाङ्क्षा पूरा हुने शास्त्रीय मान्यता छ । ज्येष्ठ कृष्ण औंशीका दिन आज परेको सोमबारे औंशी यस वर्षको पहिलो सोमबारे औंशी हो । धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वध्यक्ष प्रा डा रामचन्द्र गौतम वर्षमा दुईदेखि तीनपटकसम्म सोमबारे औंशी पर्ने गरेको बताउनुहुन्छ ।

# वायुयान दुर्घटनाग्रस्त अवस्थामा फेला परेको जानकारी गराउनु पर्दा स्तब्ध छौं : तारा एयर

रासस
काठमाडौं, १६ जेठ

तारा एयरले वायुयान दुर्घटनाग्रस्त अवस्थामा फेला परेको जानकारी गराउनुपर्दा स्तब्ध भएको बताएको छ ।

उक्त कम्पनीले आज एक विज्ञप्ति जारी गरी जेठ १५ गते बिहान पोखराबाट जोमसोम उडेको तारा एयरको ९ एन-एइटी-डिएचसी-६ ट्वीनवटर वायुयान मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका वडा नं २ स्थित सानसुरे भिरमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको सुनाउनुपर्दा दुःख लागेको बताएको हो । उक्त वायुयान अन्तिम पटक जोमसोम टावरसँग जेठ १५ गते बिहान १०:०७ बजे सम्पर्कमा आएपश्चात् सम्पर्कविहीन भएको थियो । उक्त विमान १४ हजार ५०० फिट उचाइमा दुर्घटनाग्रस्त अवस्थामा फेला परेको थियो । प्रतिकूल मौसम तथा जटिल भौगोलिक अवस्था हुँदा पनि नेपाल नागरिक उड्डयन प्राधिकरण, खोज तथा उद्धार समन्वय केन्द्रमार्फत हवाई तथा स्थलमार्गबाट खोजी गर्दा वायुयान फेला परेको र हाल उद्धारकर्मी दुर्घटनास्थलमा पुगेर उद्धार कार्य जारी राखेको तारा एयरले जनाएको छ ।